# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

खण्ड ३ ] काठमाडौं आषाढ २१ गते २०११ साल [ संख्या ४६

## भाग १

## नेपाल पब्लिक सर्भिस कमिशनको विज्ञापन न. १

२०११।३।१३।१

पब्लिक वर्कस तथा सञ्चारमन्त्रालय— अन्तर्गत हवाई विभागलाई १ जना असिस्टेन्ट एरोड्रोम अफिसर चाहिएको छ। प. स क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०११ साल भाद्र १३ गते रोज १ सम्ममा उमेदवारहरूले तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छः—

(१) पदः—असिस्टेन्ट एरोड्रोम अफिसर, स्थायी तथा पेन्सन पाइने।

(२) आवश्यक न्यूनतम योग्यताः— अग्रजीमा म्याट्रिक या एस. एल्. सी. तथा नेपाली निजामती मध्यम परीक्षा।

(३) मासिक तलब र भत्ताः– कंरु. १२०+१५.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) काम र काम गर्ने स्थान:— उमेदवारले भैरवा एरोड्रोममा काम गर्नुपर्छ। सो एरोड्रोममा छोटी भन्सारसमेत रहने हुनाले भन्सारतर्फको र हवाई अड्डाको समेत बही बुझाउनुपर्छ। असिस्टेन्ट एरोड्रोम अफिसर भई देहायबमोजिम काम गर्नुपर्छ।

(क) हवाई ट्राफिक कन्ट्रोल गर्ने।

(ख) हवाइ जहाजको ल्यान्डिङ्टेक अफ् र हाउसिङको रेकर्ड राख्ने तथा ल्यान्डिङ र हाउसिङ चार्जको बील बनाई हवाई विभागमा पठाउने।

(ग) भन्सार तथा राहदानी चेक भएपछि हवाई जहाज जान दिने।

(घ) हवाई जहाजको पाइलट, इन्जिनीयर आदिसँग कुराकानी गर्ने।

(ङ) हवाई ग्राउन्डसम्बन्धी लेखापढी हवाई विभागका डाइरेक्टरसँग गर्ने।

(च) संचार सम्बन्धित लेखापढी सोझै अर्थमन्त्रालयसँग गर्ने।

(५) विशेष सहूलियत:— अर्थमन्त्रालयबाट हवाई जहाजपट्टिको कामलाई १ जना तहरीर, सीनियरक्लर्क र भन्सारको कामलाई १ जना साक्षी सीनियर क्लर्क पठाइनेछन्।

(६) अभ्यास अवधि:— ६ महिना।

आज्ञाले—

खड्गमान मल्ल, एम्. ए.

सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,

सिंहदरवार, काठमाडौं, नेपाल.

## नेपाल पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १०

२०११।३।१५।३

अर्थमन्त्रालय अन्तर्गत-तपसीलका अड्डाहरूलाई तपसीलकै विवरणका ६ जना हाकिम खरीदारहरूको आवश्यकता छ। आफूलाई मनपरेका स्थानका निमित्त प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०११ साल भाद्र १५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गते रोज ३ सम्ममा उमेदवारहरूले तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमुना प्रत्येक हुलाक, गढी, गौंडा गोस्वारामा पनि पाइनेछ।

तपसील

१. स्थानः— सर्लाही बजार अड्डा, चिसापानी भंसार अड्डा, फाबेलुं भंसार अड्डा, कोइलावास बजार अड्डा, कप्तानगंज बजार अड्डा र चन्द्रगंज बजार अड्डा।

२. पदः— हाकिम खरीदार, स्थायी तथा पेन्सन पाइने।

३. आवश्यक न्यूनतम योग्यताः— निजामती मध्यम परीक्षा। अंग्रेजी पास भएकालाई विशेष ग्राह्यता दिइनेछ।

४. कामः— सेस्ता निकाशा पुकासाको रिपोट आदि र बजारको महसूल असूल गरी स्याहा सेस्ता खडा गरी बही बुझाउने।

५. मासिक तलब स्केल र भत्ताः— चिसापानी भंसार र फाबेलुं भंसार अड्डालाई मोरु ७०।–१३०। विशेष तलब मोरु १५। र महंगी भत्ता मोरु १२।५० अरू बजार अड्डाहरुलाई कं.रु ७०–१३० विशेष तलब कं.रु १५ र महंगी भत्ता कं.रु १२॥

६. विशेष सहुलियतः— सरकारी घर वा मुनासिबमाफिकको घरभाडा दिइने।

आज्ञाले—

खड्गमान मल्ल, एम्.ए.
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल,

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

260 A

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।